# बार्षिक प्रगति प्रतिवेदन

## २०७९/२०८०

**मेरुदण्डीय पक्षघात समुह नेपाल**

**गोकर्णेश्वर न. पा. ०८ माकलवारी**

**काठमांडौ ।**

**प्रस्तोता**
केशव थापा
महासचिव

**श्रीमान् अध्यक्षज्यु,**

आज मिति २०८० साल भदौ ९ गते शनिबारको दिन यस संस्थाको आठौं बार्षिक साधारण सभा तथा चौथो अधिवेशनका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, कार्यसमितिका पदाधिकारीज्यूहरु, आजिवन सदस्यज्यूहरु यस सस्थाका सल्लाहकार तथा सरक्षंकज्यूहरु र आजको यस कार्यक्रममा सहभागी हुनुभएका सम्पुर्ण महानुभावज्यूहरु सबैजनालाई सस्थांको तथा मेरो व्यक्तिगत तर्फबाट नमस्कार । अब म यस सस्थांको आर्थिक बर्ष २०७९/२०८० को बार्षिक प्रगति प्रतिवेदनमा उल्लेखित आर्थिक बर्षमा गरेका क्रियाकलाप, उपलब्धी, तथा आगामी बर्षका योजनाहरु प्रस्तुत गर्न गइ गइरहेको छु ।

## संस्थाको परिचय

मेरुदण्डीय पक्षघात समुह नेपाल (SCI Network Nepal) बि.सं. २०७२ सालमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुद्धारा स्थापना भएको एक सामाजिक संस्था हो । यस संस्थाले मेरुदण्ड पक्षघात सम्वन्धी वकालत साथै उनीहरुलाई शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रुपमा सक्रिय र स्वावलम्वन बनाउने, मेरुदण्ड पक्षघात भएका भाइबहिनीहरुको शिक्षा र राज्यबाट प्राप्त हक अधिकार सुनिश्चित गराउन र अपाङ्गता सम्बन्धि काम गर्ने उद्देश्यले यो संस्था जि.प्र.का. दर्ता नं. १३३/२०७२ र समाज कल्याण परिसद् दर्ता नं. ४२०३६/०७२ मा दर्ता भई सञ्चालित छ ।

## सस्थाका उदेश्यहरु :-

- मेरुदण्ड पक्षघात भएका बिद्यार्थिहरुलाई पहुँचयूक्त छात्रवासको व्यवस्था गरि शिक्षा तथा शिपमुलक तालिम प्रदान गर्ने ।
- जनसमुदायलाई मेरुदण्ड पक्षघात सम्बन्धि जनचेतना प्रदान गरी पहुँचयुक्त वातावरणको निर्माण साथै अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सोचाइमा सकारात्मक परिर्वतन ल्याउने ।
- मेरुदण्ड पक्षघात भएका बालबालिकाको अभिभावकहरुलाई उनीहरुको छोरा-छोरीहरुको उज्वल भविश्यमा सहयोग पुऱ्याउने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको शिक्षा, अनुसन्धान लगाएत अन्य आवश्यकीय विषयहरुमा सहयोग पुऱ्याउने ।
- सरकार तथा विभिन्न सरोकारवला संघ-संस्थाहरुमा शिक्षा, स्वास्थ्य, खेलकुद, रोजगार तथा पहुँययुक्त वातावरणको निर्माणमा पहल गर्ने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद तथा विभिन्न क्रियाकलापहरुमा सहभागि गराउने ।

- अपाङ्गता ऐन कार्यान्वयनमा पहल गर्ने साथै पहुँचयुक्तता सम्बन्धी वकालत तथा पैरवी लगायतका क्रियाकलायहरु गर्ने ।
- अन्तराष्ट्रिय अपाङ्गता महासन्धि कार्यान्वयनमा पहल गर्ने ।

## यस आर्थिक बर्षमा सम्पन्न भएका कार्यक्रमहरु

यस मेरुदण्डीय पक्षघात समुह नेपाल आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गरेका क्रियाकलाप तथा कार्यहरु यसप्रकार रहेका छन ।

| क्र.स. | मिति | कार्यक्रमहरु/विवरण |
|---|---|---|
| १ | २०७९/०४/०७ | ***चारपाङ्ग्रे स्कुटर हस्तान्तरण कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालद्धारा सञ्चालित आवास घरमा ३ बर्ष बसि २०७९ सालमा १२ कक्षा उतिर्ण गर्न सफल श्री अमृत बहादुर राना लाई दैनिक यातायातमा तथा उच्च शिक्षा अध्ययनमा सहयोग पुर्‍याउन यस मेरुदण्डीय पक्षघात समुह नेपालको उपाध्यक्ष श्री झरना राकसकोटीज्यूले अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने चारपाङ्गे स्कुटर उपहार स्वरुप उपलब्ध गराउनु भएको र सस्थांका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा उक्त स्कुटर निज अमृत बहादुर रानालाई हस्तान्तरण गरिएको थियो । |
| २ | २०७९/०४/२५ | ***वकालत तथा ध्यानाकर्षण कार्यक्रम***<br>माननिय अर्थमन्त्री श्री जनार्दन शर्माज्युलाई उहाकै कार्यकक्षमा भेटी मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई दिनेभनेको उपचार खर्च बापत मासिक रु ५००० को कार्यविधिको अनुच्छेद २ को ४ नम्बरमा देखिएको त्रुटि तुरुन्त सच्याउन/संशोधन गर्न ध्यानाकर्षण गरिएको छ । यदि तत्काल उक्त कार्यविधि संशोधन नभएमा मेरुदण्ड पक्षघातको कारणको पुर्ण अशक्त र अति अशक्त अपाङता भएका व्यक्तिहरुले खाई पाई आएको सामाजिक सुरक्षा भत्ता रोकिदा यसबाट पर्न जाने असरको बारेमा माननिय मन्त्रीज्युको ध्यानाकर्षण गरियो । साथै नारायणटार बागमती पुल देखी जोरपाटी चोक सम्म अपाङ्गतामैत्री फुटपाथ बनाउने क्रममा विजुलिको पोल फुटपाथभन्दा बाहिर हटाउने कार्य शुरु भएको छ भने फेरि ढल जाम भै बनाएको फुटपाथ बिग्रिएको र सडकमा पानी बगिरहेको कारण उपत्यका सडक बिस्तारका उप प्रमुखज्युलाई ध्याकर्षण गराएका छौ । त्यसैगरि गोकर्णेश्वर नगरपालिका वडा नम्बर ५ र ६ नं वडाका वडा कार्यालयका प्रमुखज्युहरुसँग बसि समाधानका विभिन्न उपायहरुका बारेमा छलफल गरियो । |

| | | |
|---|---|---|
| ३ | २०७९/०५/०१ | ***मनोरञ्जन तथा शाहसिक जिपलाइन सम्पन्न***<br><br>काभ्रे जिल्लाको धुलिखेलमा अवस्थित जिपलाइनमा मेरुदण्डीय पक्षघात समुह नेपालका कार्यसमिति सदस्य तथा सस्थांका आजिवन सदस्यहरुको लागि धुलिखेल जिपलाइन समिति र मेरुदण्ड पक्षघात संघ काभ्रेसगँ समन्वय गरि नेपाल प्रहरी काभ्रेको विशेष सहयोगमा जिपलाइनिङ्ग कार्यक्रम सम्पन्न गरियो । |
| ४ | २०७९/०५/०४ | ***सातौँ बार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम***<br><br>गोकर्णेश्वर नगरपालिकाको उपमेयर श्री सान्नानी लामाज्युको प्रमुख आतिथ्यतामा मेरुदण्डीय पक्षघात समुह नेपालको सातौ बार्षिक साधारण सभा सम्पन्न गरिएको थियो । विशेष अतिथि गोकर्णेश्वर नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष नन्दलाल श्रेष्ठज्यु, अतिथिहरुमा मेरुदण्डीय पक्षघात समुह नेपालको  सस्थापक उपाध्यक्ष तथा सल्लाहकार बाबुराम मिश्रज्यु, यस संघको सल्लाहकार डा. राजु ढकालज्यु, अरविन्द जोशीज्यु, गजेन्द्र बुढाथोकीज्यु, असोक मानन्धरज्यु, कृष्ण खड्काज्यु, कानुनी सल्लाहकार दिपकराज जोशीज्यु तथा NSCISA का कार्यसमिति सदस्य पुष्पराज भट्टज्यु रहनु भएको थियो । साथै बिगत लामो समय देखी कुशल स्वंयमसेवकको  भुमिका निर्वाह गर्दै आइरहनु भएका श्री ध्रुव प्रसाद चौलागाइज्युलाई उपमेयर श्री सान्नानी लामाज्यु तथा मेरुदण्डीय पक्षघात समुह नेपालको अध्यक्ष ऋषिराम ढकालज्युले संयुक्त रुपमा सम्मान-पत्र प्रदान गर्नु भएको थियो । |
| ५ | २०७९/०५/११ | ***हरितालिका तिजको अवसरमा सास्कृतिक कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले २०७९ सालको हरितालिका तिज पर्वको अवसरमा गोकर्णेश्वर नगरपालिकाको सहयोगमा नेपाल अपाङ्ग सघंको सामुदायिक हलमा अपाङ्गता भएका महिलाहरुको तिज विशेष सास्कृतिक कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा मेरुदण्डीय पक्षघात समुह नेपालको होस्टेलमा आवासिय विद्यार्थीहरु, BIA Institite मा बस्ने महिलाहरु, नेपाल अपाङ्ग सघं लगायत विभिन्न सघं सस्थां बाट ५० जना भन्दा बढि महिला दिदी बहिनीहरुको उपस्थितिमा उक्त कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो । |
| ६ | २०७९/०५/२८ | ***अपाङ्गता सम्बन्धी जानकारीमुलक कार्यक्रम***<br>मिति २०७९ साल भदौ २८ गते मंगलबारका दिन मेरुदण्डीय पक्षघात समुह नेपालले गोकर्णेश्वर नगरपालिकाको ५ वडासँग सहकार्य गरि वडाकै आर्थिक सहयोगमा जोरपाटीको नारायणटारमा अवस्थित इष्टपोल स्कुलको कक्षा १२ का विद्यार्थीहरुलाई अपाङ्गता, अपाङ्गता अधिकार तथा अपाङ्गता न्युनिकरणको बिषयमा जानकारि गराइयो । उक्त कार्यक्रममा स्पाइनल इन्जुरी विशेषज्ञ डा. राजु ढकाल तथा सस्थांको पदाधिकारीहरुले सन्चालन गर्नु भएको थियो भने उक्त कार्यक्रममा वडा प्रतिनिधि, |

| | | |
|---|---|---|
| | | प्रिन्सीपल तथा शिक्षकहरु सहित ७० भन्दा बढि विद्यार्थीहरुको सहभागिता रहेको थियो । |
| ७ | २०७९/०६/०३ -६ | ***3 Nights 4 Days Outdoor Educational Prpgram*** <br> मेरुदण्डीय पक्षघात समुह नेपाल द्धारा सन्चालित आवास घरमा आवासिय विद्यार्थीहरुलाई Freedom Social Foundation तथा गोकर्णेश्वर नगरपालिका वडा नम्बर ८ सगँ सहकार्य गरि अपाङ्गता भएका १५ जना विद्यार्थीहरुलाई ३ रात ४ दिनको Outdoor Educational कार्यक्रम सम्पन्न गरेको छ । संस्थाले उक्त कार्यक्रम नुवाकोट जिल्लाको ककनीमा मिति २०७९ असोज ३ गते देखी ६ गते सम्म camping , cooking , rock climbing, zip linings र प्राथमिक उपचार सम्बन्धित तालीम दिएको थियो । विगतमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई जीवनोपयोगी सीपको स्थलगत अभ्यास गराउने गरेका प्रशिक्षक जगन तिमिल्सिना प्रत्येक वर्ष अमेरिकाका विद्यार्थीलाई पनि यस्तै कला सिकाउँदै आउनु भएको छ । |
| ८ | २०७९/०७/०४ | ***मेडिकल सामाग्री वितरण कार्यक्रम*** <br> मेरुदण्डीय पक्षघात समुह नेपालद्धारा सन्चालित आवास घरमा आवासिय बिद्याथौहरुको लागि अत्यावश्यक मेडिकल सामाग्री गोकर्णेश्वर नगरपालिकाको लक्षित बर्ग कार्यक्रम अर्न्तरगत मेयर श्री दिपक कुमार रिसालज्यूको प्रमुख आतिथ्यतामा युरिन व्याग, डाइफर लगायतका मेकिल सामाग्री वितरण कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रमको लागि गोकर्णेश्वर नगरपालिकाका स्टाफ श्री अजिता कपालीज्यूले समन्यव गर्नु भएको थियो । |
| ९ | २०७९/०८/९ <br> २०७९/०८/१० | ***बधाई तथा शुभकामना कार्यक्रम*** <br> मिति २०७९ मसिंर ४ गते सम्पन्न प्रतिनिधि सभा सदस्यको चुनावमा काठमाडौं क्षेत्र नम्बर ३ र ४ बाट निर्वाचित हुनु हुने माननिय सन्तोष चालिशेज्यू तथा माननिय गगन कुमार थापाज्यू लाई उहाँहरुको निवासमा भेटेर बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो । |
| १० | २०७९/०८/१४ | ***अपाङ्गता सम्बन्धी जानकारीमुलक कार्यक्रम*** <br> मिति २०७९ साल मसिंर १४ गते बुधबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले गोकर्णेश्वर नगरपालिकाको ४ नं. वडासँग सहकार्य गरि वडाकै सहयोगमा गोकर्णेश्वरमा अवस्थित सहयोगी माध्यमिक विद्यालयको कक्षा ११, १२ मा अध्ययनरत विद्यार्थी हरुलाई |

| | | |
|---|---|---|
| | | समग्र अपाङ्गता तथा मेरुदण्ड पक्षघात लगायतको विषयमा जानकारीमुलक कार्यक्रमको आयोजना गरियो । |
| ११ | २०७९/०८/१६ | ***अपाङ्गता सम्बन्धी जानकारीमुलक कार्यक्रम***<br><br>मति २०७९ साल मसिंर १६ गते शुक्रबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले गोकर्णेश्वर नगरपालिकाको ४ नं. वडासँग सहकार्य गरि वडाकै सहयोगमा गोकर्ण अवस्थित गोकर्ण माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई समग्र अपाङ्गता तथा मेरुदण्ड पक्षघात लगायतको विषयमा जानकारीमुलक कार्यक्रमको आयोजना गरियो । |
| १२ | २०७९/०८/२० | ***अपाङ्गता सम्बन्धी जानकारीमुलक कार्यक्रम***<br><br>मिति २०७९ साल मसिंर २० गते मंगलबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले गोकर्णेश्वर नगरपालिका वडा ७ सगँ सहकार्य गरि यसै वडामा अवस्थित आकाशदिप कलेजको कक्षा १२ मा अध्ययनरत तथा मनकामना सेकेन्डरी स्कुलको कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई समग्र अपाङ्गता तथा मेरुदण्ड पक्षघात लगायतको विषयमा जानकारीमुलक कार्यक्रमको आयोजना गरियो । |
| १३ | २०७९/०८/२५, २६ | ***अपाङ्गता सम्बन्धी जानकारीमुलक कार्यक्रम***<br><br>मिति २०७९ साल मसिंर २५ र २६ गते मेरुदण्डीय पक्षघात समुह नेपालले गोकर्णेश्वर नगरपालिकाको वडा नम्बर ९ सगँ सहकार्य गरि आरुबारी अवस्थित Green Tara Child Haven School तथा शंखडोल अवस्थित Vidya Byayam Secondary School मा कक्षा १० मा अध्ययनरत विद्यार्थी हरुलाई समग्र अपाङ्गता तथा मेरुदण्ड पक्षघात लगायतको विषयमा जानकारीमुलक कार्यक्रमको आयोजना गरियो । |
| १४ | २०७९/०९/९ | ***माननिय लक्ष्मी धिमिरेज्यूलाई बधाई तथा शुभकामना कार्यक्रम***<br><br>यस मेरुदण्डीय पक्षघात समुह नेपालका सस्थांपक सदस्य श्री लक्ष्मी धिमिरेज्यू, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट २०७९ मा भएको चुनावमा बागमती प्रदेशको प्रदेश सभा सदस्यमा समानुपातिक तर्फबाट मनोनित हुनु भएकोमा सस्थांको कार्यालयमा आयोजित कार्यक्रममा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो । |

| | | |
|---|---|---|
| १५ | २०७९/०९/२३ | ***बधाई तथा सफल कार्यकालको शुभकामना कार्यक्रम***<br>मेरुदण्डीय पक्षघात समुह नेपालको कार्यालयमा राष्ट्रिय अपाङ्ग महासंघका नव निर्वाचित अध्यक्ष श्री देविदत्त आचार्य ज्युसँग मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुले भोगिरहेका गम्भिर समस्याहरु, उनिहरुका अत्यावश्यक सेवा तथा अधिकारलाई कसरि सुनिश्चित गर्न सकिन्छ भन्ने बिषयमा छलफल भयो ।साथै नव निर्वाचित अध्यक्ष ज्युलाई बधाई तथा सफल कार्यकालको शुभकामना समेत दिईएको थियो । |
| १६ | २०७९/०९/२४ | ***मैत्रीपुर्ण ह्विलचियर बास्केटबल प्रतियोगिता***<br>नेपाल आर्मी ह्विलचियर बास्केटबलको आयोजना तथा मेरुदण्डीय पक्षघात समुह नेपालको सहकार्यमा नेपाल आर्मी ह्विलचियर बास्केटबल टिम भर्सेज टिम नेटवर्क बिच नेपाल आर्मी रिहाबसेन्टर भण्डारखालमा मैत्रीपुल ह्विलचियर बास्केटबल खेल सम्पन्न गरिएको थियो । |
| १७ | २०७९/१०/०४ | ***भक्तपुर नगरपालिकामा वकालत कार्यक्रम***<br>मेरुदण्डीय पक्षघात समुह नेपालका सचिव श्री राजेन्द्र खनालज्यूको नेतृत्वमा  भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीज्यू, कार्यकारी निर्देशकज्यू, पर्यटन विभाग प्रमुखज्यू ,खेलकुद विभाग प्रमुखज्यू लगायतहरुसगँ भेटी यस नगरपालिकाका सम्पुर्ण सार्वजनिक स्थलहरु अपाङता/मानवमैत्री हुनु पर्ने ,दरवार स्क्वायर परिसर र अन्य पर्यटक स्थलका संरचना र विशेष गरि अपाङतामैत्री शौचालय निमार्ण यथासक्य छिटो निर्माण हुनु पर्ने जसले गर्दा आन्तरिक र वाह्य पहुचयुक्त पर्यटन (Accessible Tourism) को प्रवर्धनमा सहयोग पुगोस् साथै पारा खेलको विकासमा पनि नगर पालिकाबाट विशेष पहल हुन सकोस् भनी ध्यानाकर्षण गरियो । |
| १८ | २०७९/१०/०९ | ***माननिय स्वास्थ्य तथा जनसख्या मन्त्री श्री पदम गिरीज्यू समक्ष ज्ञापन पत्र पेश***<br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीहरुले माननिय स्वास्थ्य तथा जनसख्या मन्त्री श्री पदम गिरीज्यू तथा स्वास्थ्य मन्त्रालयका उच्च पदाधिकारीज्यूहरुलाई भेटी निम्न उल्लेखित बिषयहरुमा ध्यानाकर्षण सहित ज्ञापन पत्र बुझाइयो ।<br>मिति २०७८ चैत्र १३ गते नेपाल सरकार माननीय मन्त्रीस्तरिय बैठकबाट मेरुदण्ड पक्षघातका भएका व्यक्तिहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को अनुच्छेद २ को ४ मा नेपाल सरकारबाट उपलब्ध गराइदै आएको जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, लगायत अपागं भत्ता साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराइने मध्ये कुनै एक किसिमको भत्ता मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन् भनी उल्लेख भएको र सो अनुसार मेरुदण्ड पक्षधात भई अपाङता भएका व्यक्तिहरुले साविक पाइरहेको सामाजिक सुरक्षा भत्ता वा उपचार खर्च मध्ये एक वटा मात्र प्राप्त गर्नुपर्ने भएको हुदाँ मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि यस कार्यविधिले अन्याय गरेको बुझिन्छ । किनभने सामाजिक सुरक्षा भनेको अपाङता भएका व्यक्तिले संबिधान प्रदत्त प्राप्त गर्ने नैसर्गिक अधिकार हो भने उपचार खर्च सरकारले आफ्नो नागरिकलाइ गर्ने संरक्षण हो । तथर्स अपाङता सामाजिक सुरक्षा भत्ता र उपचार खर्च फरक भएको हुदाँ सो कार्यविधिको अनुच्छेद २ को ४ नम्बर बुदालाई संशोधन गरि मेरुदण्ड पक्षधात भई अपाङता भएका व्यक्तिहरुले पाउने |

| | | |
|---|---|---|
| | | सामाजिक सुरक्षा भत्ता र उपचार खर्च दुवै पाउने व्यवस्था हुनेगरि यो कार्यविधि तत्काल संशोधन गरियोस् भनि ध्यानाकर्षण गराईयो ।<br>साथै नेपाल सरकारले उपलब्ध गराउदै आएको विपन्न नागरिक कोष अन्तर्गत मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई दिइने रु १,००,००० (अक्षररुपी एक लाख रुपैया) ट्रमाटिक इन्जरी भएका व्यक्तिहरुलाई मात्र दिइदै आएको तर नन् ट्रमाटिक इन्जरी भएका व्यक्तिहरु पनि पूर्ण चोट अर्थात कम्प्लिट इन्जरी हुने भएकोले दुबै समस्या भएका व्यक्तिहरुलाई यो सुबिधा उपलब्ध गराउनु पर्ने, मेरुदण्डमा चोट लागेका व्यक्तिहरुको प्रेसर सोर भएमा र प्लाष्टिक सर्जरी गर्नुपर्ने भएमा सरकारले निःशुल्क रुपमा उपचारको व्यवस्था गर्नु पर्ने तथा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई पुनर्स्थापनाको लागि एक पटकको लागि रु १,००,००० (अक्षररुपी एक लाख रुपैया) उपलब्ध गराउनु पर्ने लगायतको बिषयमा ध्यानाकर्षण सहितको ज्ञापन पत्र पेश गरियो । |
| १९ | २०७९/१०/१४ | ***राष्ट्रिय शहिद दिवशको अवसरमा नगर स्तरिय साहासिक ह्विलचियर दौड कार्यक्रम***<br>मेरुदण्डीय पक्षघात समुह नेपालले गोकर्णेश्वर नगरपालिकाको आर्थिक सहयोगमा राष्ट्रिय शान्ति तथा शहिद पार्कसँगको सहकार्यमा तेश्रो नगरपालिका स्तरिय साहासिक ह्विलचियर दौड प्रतियोगिता सम्पन्न गराएको छ । संस्थाका अध्यक्ष श्री ऋषिराम ढकालले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो भने प्रमुख अतिथि गोकर्णेश्वर नगरपालिकाका मेयर/नगर प्रमुख श्री दिपक रिसाल, विशेश अतिथिहरुमा गोकर्णेश्वर नगरपालिका वडा नं. ४, ८ र ९ का वडाध्यक्षहरु क्रमश श्री जयराम महतज्यु, श्री नन्दलाल श्रेष्ठज्यु, श्री राजिव थापाज्यु, राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष श्री देविदत्त आचार्यज्यु, राष्ट्रिय शान्ति तथा शहिद पार्कका अध्यक्ष श्री सुदर्शन सिक्देलज्यु, नेपालको गौरब राष्ट्रिय धावक श्री बैकुण्ठ मानन्धरज्यु अतिथिहरुमा राष्ट्रिय पारा ओलम्पिकका महासचिब श्री प्रकाश चिलवालज्यु, स्पाईनल इन्जरि पुनर्स्थापना केन्द्रका सामाजिक सेवा विभाग प्रमुख श्री शुरेस पौडेलज्यु, नेपाल स्पाइनल कर्ड इन्जरि खेलकुद संघका महासचिव श्री दिलिप सापकोटाज्यु लगाएत विभिन्न संस्थाका प्रतिनिधिज्युहरु, प्रतिष्ठित व्यक्तिज्युहरुको सहभागिता रहेको थियो । उक्त प्रतियोगितामा गोकर्णेश्वर नगरपालिका भित्र स्थयी तथा अस्थायी रुपमा बसोवास गर्ने १५ जना महिला ४५ जना पुरुष गरि जम्मा ६० ह्वीलचियर प्रयोगकर्ताहरुको सहभागिता रहेको थियो । |
| २० | २०७९/१०/१६ | ***पुरस्कार वितरण कार्यक्रम***<br>राष्ट्रिय शहिद दिवश २०७९ को अवसरमा राष्ट्रिय शहिद तथा शान्ति पार्कले आयोजना गरेको भव्य कार्यक्रममा मेरुदण्डीय पक्षघात समुह नेपालको आयोजना तथा राष्ट्रिय शहिद तथा शान्ति पार्कको सहकार्य र गोकर्णेश्वर नगरपालिकाको आर्थिक सहयोगमा आयोजित गोकर्णेश्वर नगरस्तरिय तेस्रो साहसिक ह्विलचियर दौडका विजेता खेलाडीहरुलाई सम्माननिय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यू, माननिय सन्तोष चालिसेज्यू, तथा गोकर्णेश्वर नगरपालिकाको नगर प्रमुख दिपक कुमार रिसालज्यूहरु द्वारा ट्रफी, मेडल, प्रमाण पत्र तथा नगद पुरस्कार वितरन कार्यक्रम राष्ट्रिय शहिद पार्कमा सम्पन्न गरियो । |

| | | |
|---|---|---|
| २१ | २०७९/१०/२८ | ***खाद्यान्न तथा स्टेशनरी सामान वितरण ।***<br>मेरुदण्डीय पक्षघात समुह नेपाल द्धारा सन्चालित आवास घरमा आवासिय विद्यार्थीहरुको लागि गोकर्णेश्वर नगरपालिकाको बार्षिक अनुदान अर्न्तरगत उपमेयर सान्नानी लामाज्यूको प्रमुख आतिथ्यतामा खाद्यान्न तथा स्टेशनरी सामाग्री हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो । |
| २२ | २०७९/११/१२ | ***Kiwanis Club Of Brighter Future को कार्यक्रम***<br>मेरुदण्डीय पक्षघात समुह नेपालको कार्यसमिति सदस्यहरु तथा आवास घरमा आवासिय विद्यार्थीहरु मिलेर Aktion Club Of Brighter Future Spinal Injurry Nepal नामक क्लव श्री कृष्ण प्रसाद भण्डारीजयूको नेतृत्वमा गठन गरि Kiwanis International सगँ सहकार्य गरी कार्य गर्ने मुख्य उद्देश्यका साथ समुह गठन गर्ने कार्यक्रम सम्पन्न गरियो । |
| २३ | २०७९/११/१७ | ***१५ औं अन्तर्राष्ट्रिय ह्विलचियर दिवसमा सहभागी***<br>राष्ट्रिय अपाङ्ग महासंघ नेपालको समन्वयमा समाज कल्याण परिषद्, राष्ट्रिय अपाङ्ग कोष, स्पाइनल इन्जरी संघ नेपाल र अपाङ्गताको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय संघ संस्थाहरुको संयुक्त आयोजनामा मार्च १, २०२३ (२०७९ फागुन १७ ) गतेका दिन १५ औं अन्तर्राष्ट्रिय ह्विलचियर दिवस "उपयुक्त ह्विलचेयर, सुरक्षित र पहुँचयुक्त आवागमन, हाम्रो अधिकार, Appropriate Wheelchair Safety and Accessible Mobility our Right भन्ने नाराका साथ र्याली सहितको आयोजना गरीएको कार्यक्रममा सस्थांगत रुपमा सहभागी हुनुको साथै जोरपाटी क्षेत्रमा बस्ने अपाङ्गता भएका व्यक्तिहरुलाई उक्त कार्यमा सहभागी हुनको लागि आवश्यक यातायताको व्यवस्था गर्न सहजिकरण गरियो । |

| | | |
|---|---|---|
| २४ | २०७९/१२/९, १०,११ | ***राष्ट्रिय स्तरको बृहत कार्याशाला गोष्ठीको आयोजना ।***<br>***पहिलो दिन***<br>सस्थापक उपाध्यक्ष बाबुराम मिश्रज्यू, मेरुदण्डीय_पक्षघात समुह नेपालका सल्लाहकारज्यूहरु असोक मानन्धरज्यू, गजेन्द्र बुढाथोकीज्यू, नारायण कृष्ण खरेलज्यू,सिब रिमालज्यू, तथा विभिन्न सस्थांका प्रतिनिधिज्यूहको उपस्थिति मेरूदण्डीय पक्षघात समूह नेपालले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोगमा मेरूदण्ड पक्षघात भएका व्यक्तिहरुको तीन दिने बृहत कार्यशाला गोष्ठीको पहिलो दिन वागबजार स्थित हार्दिक होटलमा सफलतापुर्बक सम्पन्न गरेको छ । उक्त कार्यक्रमको प्रमुख अतिथिको रूपमा गोकर्णेश्वर नगरपालिका मेयर दिपक कुमार रिसालज्यू द्वारा उद्धाटन गरिएको उक्त कार्यक्रममा विशेष अतिथि राष्ट्रिय अपांग महासंघका केन्द्रीय अध्यक्ष देवीदत्त आचार्यज्यू तथा स्पाइनल इन्जुरी संघका संस्थापक अध्यक्ष कनकमणि दिक्षितज्यूको उपस्थिति रहेको उक्त कार्यक्रमको अतिथिहरुमा नेपाल नेत्रहिन संघका केन्द्रीय महासचिव शिशिर खनालज्यू,डिस्याविलिट राइट्सका नेपाल प्रतिनिधि कृष्ण गहतराजज्यू, स्पाइनल कर्ड इन्जुरी खेलकुद संघका अध्यक्ष देवी आचार्यज्यू ,सुन्दर ढोका साथी सेवाका कार्यकारी निर्देशक विजेता अधिकारीजयू,ल्याप्रोसी मिसन फोन्ट परियोजनाका निर्देशक चिरिन्जिवी शर्माज्यू, निडवाका अध्यक्ष प्रतिमा गुरुङज्यू, स्पाइनल कर्ड इन्जुरी पुनर्स्थापना केन्द्रका कार्यकारी निर्देशक इशा थापा, किवानिस क्लव अफ ब्राइटर फ्युचरका अध्यक्ष सबिता केसीज्यू, मेरुदण्डीय पक्षघात समुह नेपालका सल्लाहकार तथा रहेको थियो । उक्त कार्यक्रमको सभापति संस्थाका अध्यक्ष ऋषिराम ढकालले गर्नु भएको थियो । सातै प्रदेशका प्रतिनिधि,दसै प्रकारका अपांगताका प्रतिनिधि र करिव ५० जना स्पानल कर्ड इन्जुरी भएका ह्वीलचियर प्रयोगकर्ताको सहभागी रहेको उक्त कार्यक्रममा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका उप सचिव तथा अपांगता अधिकार तथा पर्वर्धन शाखा प्रमुख जमुना मिश्रले अपांगता भएका व्यक्तिहरूको अधिकारको बारेमा सरकारबाट भएका प्रावधान र भाि<br>व रणनीतिको बारेमा प्रकाश पार्नु भएको थियो । डा राजु ढकाल र डा दिपक श्रेष्ठले स्पानल कर्ड इन्जुरीको विगत, वर्तमान र विकसित हुँदै गरेका नवीन प्रविधिको वारेमा जानकारी गराउनु भएको थियो । भने स्वास्थ्य मन्त्रालयबाट डा.रविन्द्र वाष्कोटाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रदान गरिएको सेवा सुविधा तथा आगामी योजनाको बारेमा प्रस्तुत गरिएको थियो ।<br>दोस्रो दिन Brief Overview of Rehab Care and Assistive Devices in USA विषयमा Professor, Physical Medicine and Rehabilitation Virgina Commonwealth University का Lance L. Goetz, MDज्यूको प्रस्तुति त्यसैगरी वकालत तथा सुशासन विषयमा राजु बस्नेतज्यू र म्यानुअल ह्वीलचियर, इलेक्ट्रिक ह्वीलचियर, एयर कुशन तथा जेली कुशन लगायतको विषयमा किरण ढुंगानाज्यूको प्रस्तुति रहेका थिया । भने ३ दिने कार्यक्रको अन्तिम दिन प्रपोजल राइटिङ तथा फन्ड रेइजिङ विषयमा श्री कृष्ण गहतराजन्यूले तालिम प्रदान गर्नुभएको थियो भने उक्त कार्यक्रमको समापन बागमती प्रदेश सभा सदस्य माननिय लक्ष्मी घिमिरेज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । |

| | | |
|---|---|---|
| २५ | २०८०/०१/२४ | ***बधाई तथा शुभकामना प्रदान कार्यक्रम***<br>नवनियुक्त माननिय स्वास्थ्य तथा जनसख्या मन्त्री मोहन बहादुर बस्नेतज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना सहित मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको मासिक उपचार खर्च तथा सामाजिक सुरक्षा भत्ताको विषयमा ज्ञापन पत्र बुझाइयो । |
| २६ | २०८०/०१/३१ | ***ध्यानाकर्षण कार्यक्रम***<br>स्वास्थ्य मन्त्रालयले स्थानिय पालिका मार्फत मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई उपचार खर्च वापत मासिक रु ५००० उपलब्ध गराउने कार्यविधि संशोधन तथा उपचार खर्च वापत रु ५००० तुरुन्त कार्यन्यन गराउन आज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माननिय मन्त्रि श्री मोहन बस्नेतज्युसँग छलफल साथै बिष्तृत रुपमा जानकारि गराइयो ॥ त्यसैगरि विर अस्पतालमै मेरुदण्ड पक्षघात भएका व्याक्तिहरुको दवावे/ओछ्यानेे घाउ निःशुल्क रुपमा प्लाष्टिक सर्जरि वा उपचारको व्यवस्था गराउने बारे बिर अस्पतालका सुपरिटेन्डेन्ट डा. सन्तोस पैडेल ज्युसँग छलफल गरियो । |
| २७ | २०८०/०२/२३ | ***ल्यापटप हस्तान्तरण***<br>मेरुदण्डीय पक्षघात समुह नेपालको होस्टेलमा बसी कक्षा १२ सम्मको अध्ययन पुरा गर्नुभएका श्री सुमित राई तथा श्री बरुण बुढा मगरलाई यस सस्थांको सल्लाहकार श्री कृष्ण खडकाज्यूको समन्वयत तथा सहयोगमा १/१ थान नया ल्यापटप हस्तान्तरण गरियो । |
| २८ | २०८०/०२/२४ | ***मुख्य मन्त्री तथा सामाजिक विकास मन्त्रालयमा वकालत कार्यक्रम***<br>मेरुदण्डीय पक्षघात समुह नेपालको प्रतिनिधिहरुले बागमती प्रदेशका माननिय मुख्य मन्त्रीज्यू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू तथा भौतिक योजना तथा पूर्वाधार मन्त्रालयका माननिय मन्त्रीहरुलाई उहाँहरुको कार्यालयमा भेटेर मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको सवालहरुलाई सम्बोधन गर्न तथा प्रदेशको आ.व. को निति तथा कार्यक्रम साथै बजेट विनियोजनको लागि माग पत्र पेश गरियो । साथै मेरुदण्डीय पषघात समुह नेपालकोको भवन निर्माणको लागि प्रस्तावना पेश गरियो । |
| २९ | २०८०/०३/२५ | ***वकालत तथा ध्यानाकर्षण कार्यक्रम ।***<br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीज्यूहरुले स्वास्थ्य मन्त्रालयका श्री सचिवज्यू, महिला बालबालिका मन्त्रालयका श्री सचिवज्यू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवज्यू तथा अर्थ मन्त्रालयका बजेट महाशाखा प्रमुख लाई भेटी अपाङ्गता तथा मेरुदण्ड पक्षघातको कारण अपाङ्गता भएका व्यक्तिहरुको समस्या तथा सम्बन्धीत निकायहरुको जिम्मेवारीका विषयमा ध्यानाकर्षक गरियो । |

| | | |
|---|---|---|
| ३० | २०८०/०३/३१ तथा विभिन्न समयमा गरिएका कार्यक्रमहरु | ***वकालत तथा ध्यानाकर्षण कार्यक्रम ।***<br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधिज्यूहरुले स्वंयम्भु विकास तथा संरक्षण समितीका अध्यक्षज्यूलाई स्वंयम्भु परिसरमा भेटेर स्वंयम्भु परिसरलाई कसरी अपाङ्गता मैत्री बनाउने तथा बन्दै गरेका नया संरचनाहरु अनिवार्य रुपमा मापदण्ड अनुसारको अपाङ्गता मैत्री निर्माणको लागि ध्यानाकर्षण गरियो । साथै विभिन्न समयमा अपाङ्गतामैत्री/पहुँचयुक्त संरचनाका निर्माणको लागि, चागुनारायण, भक्तपुर दरबार स्क्वायर, यातायात व्यवस्था कार्यालय, काठमाडौं उपत्यका सडक विस्तार आयोजना, साझा यातायात सगँ समन्वय गरि जोरपाटी क्षेत्र समेट समेट्ने गरि अपाङ्गतामैत्री बिजुली बस सन्चालनमा समन्वय गरि कार्यान्यवनमा ल्याउन सफल भएका छौ । यसको लागि सस्थांको निरन्तर विभिन्न बैठक छलफल भेटघाट गरिएको थियो । |
| ३१ | | ***भवन निर्माण सम्बन्धी कार्य***<br>राष्ट्रिय शहिद तथा शान्ति पार्क निजामती स्मारक यज्ञडोल जगडोल तथा गोकर्णेश्वर नगरपालिकाको समन्वयमा गोकर्णेश्वर नगरपालिका वडा ९ जगडोल मा यस मेरुदण्डीय पक्षघात समुह नेपालको अपाङ्गमैत्री भवन निर्माणको लागि उपलब्ध गराइएको जग्गाको नगरपालिका तथा वडा कार्यालयबाट नापजाचँ सम्पन्न भएको । साथै भवन निर्माणको लागि भौतिक योजना तथा पूर्वाधार मन्त्रालय बागमती प्रदेशबाट विनियोजित रु ६०,००,००० अक्षरुपी साठी लाख बाट भवन निर्माणको पहिलो चरणमा पर्खाल निर्माण तथा सुरक्षा गार्ड भवन निर्माणको लागि सहरी विकास तथा भवन कार्यालयबाट टेण्डर आह्वान भई जेबि निर्माण कम्पनी सगँ सम्झौता समेत भई भवन निर्माण कार्य सुरुवाट हुनु चरणमा छ । र भौतिक योजना तथा पूर्वाधार मन्त्रालय बागमती प्रदेशबाट बाट आ.व २०८०/८१ को लागि थप रु ४५,००,००० अक्षरुपी पैतालिस लाख रुपैया विनियोजन भएको छ । |
| ३२ | | **सातै प्रदेशमा मेरुदण्ड पक्षघात सम्वन्धी सञ्जालहरु फर्मेशन तथा मासिक रुपमा अनलाइन मिटिङ्ग**<br>मेरुदण्डीय पक्षघात समुह नेपालको निरन्तर पहल छलफल सल्लाह सुझाव तथा भेटघाट बाट सात वटै प्रदेशहरुमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरु आवद्ध भई सस्थां दर्ता गरी आफ्नो हक अधिकारको लागि कार्य गरिरहनु भएको छ । साथै हरेक महिना सबै प्रदेशका पदाधिकारीज्यूहरु भर्चुअल मिटिङ बस्ने तथा नया योजनाहरु बनाउने छलफल गर्ने कार्यहरु निरन्तर रुपमा भइरहेका छन । |

| | | |
|---|---|---|
| ३३ | | **मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको तथ्याङ्क संकलन**<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले स्पाइनल इन्जुरी सघं नेपाल, स्पाइनल इन्जुरी भएका व्यक्तिहरुको प्रादेशिक सघंहरु, राष्ट्रिय अपाङ महासघं नेपाल, तथाङक विभाग, विभिन्न अपाङता सम्बन्धी सघं सस्थां तथा व्यक्तिहरु सँग मिलेर डाटा संकलनको काम गरिरहेको छ । हाल सम्म सबै प्रदेशका गरि कुल ११०० जना मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको डाटा सकंलन गर्न सफल भएका छौं भने यस कार्य निरन्तर रुपमा अघि बढिरहेको छ । यस कार्य कार्य लाई कसरी प्रभावकारी तथा डाटा हरुको सुरक्षा र उचित व्यवस्थापन गर्ने भन्ने विषमा विज्ञहरु सँग परामर्श भइरहेको छ । डाटा संकलनको मुख्य उद्देश्य नेपालमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको सख्या एकिन गरि उनिहरुको सेवा सुविधा तथा नितिनिर्माणमा सम्बन्धीत निकायलाई जिम्बेवार बनाउनु रहेको छ । |
| ३४ | | **मेरुदण्ड पक्षघातको थप वर्गमा वकालत**<br>मेरुदण्डीय पक्षघात समुह नेपालले विद्यमान अपाङ्गताको वर्गिकरणमा मेरुदण्ड पक्षघातको कारण अपाङ्गता भएका व्यक्तिहरुलाई शारिरिक अपाङ्गता भित्र राखेको अवस्था छ । शारिरिक अपाङ्गता भित्र राख्दा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको समस्या तथा सवालहरु सम्बन्धीत मन्त्रालय तथा निति निर्माणमा सार्थक सम्बोधन हुन सकिरहेको छैन । मेरुदण्ड पक्षघात जस्तो जटिल अवस्थालाई उचित सम्बोधन गर्नको लागि मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको छुट्टै वर्गको लागि निरन्तर रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननिय मन्त्रीज्यू, श्री सचिवज्यू, श्री सह सचिवज्यू, उप सचिवज्यू, राष्ट्रिय अपांग महासघं, सबै प्रकारका अपाङता भएका सघं सस्थाहरु सघं निरन्तर पैरवी तथा छलफल गरिरहेका छौ । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले छिट्टै अपाङता सम्बन्धी ऐन परिमार्जन गर्दै छ र त्यसमा मेरुदण्ड पक्षघातको कारण अपाङता भएका व्यक्तिहरुको छुट्टै वर्ग हुनुपर्छ भनेर हामीले निरन्तर प्रयास गरिरहेका छौ । |
| **अन्य कार्यक्रमहरु** | | मेरुदण्डीय पक्षघात समुह नेपालले विगत ७ बर्ष देखी मेरुदण्ड पक्षघातको कारण अपाङ्गता भएका दुर्गम स्थानका पढाइको अवसरबाट बञ्चित विद्यार्थीहरुलाई आवासिय व्यवस्था गरि अध्ययनको व्यवस्था गरिरहेको यहाँहरुलाई अवगत नै छ । यस आवास सन्चालनको लागि गोकर्णेश्वर नगरपालिका, पारिजात सहकारी, नेपाल प्रहरी श्रीमती सघं, सस्थांका सल्लाहकारज्यूहरु, विभिन्न समाजसेवी व्यक्तित्वहरु, सघं सस्थांहरुको विभिन्न किसिमका सहयोग, सस्थांका पदाधीकारीहरुको निस्वार्थ निरन्तर गृहकार्य, शुभचिन्तक तथा स्वदेशी र विदेशी सहयोगी दाता हरुको सहयोग सदभाव तथा सल्लाहले यस सस्थांका गतिविधिहरुले निरन्तरता पाइरहेका छन । |

## कार्यक्रमको प्रगति

यस संस्थाले मेरुदण्ड पक्षघात भएका १५ जना विद्यार्थी हरुलाई लाइ independent living practice home मार्फत अपाङ्ग मैत्री वातावरणमा पढ्ने व्यवस्था गर्नुका साथै अपाङ्गता सम्बन्धी वकालत जनचेतना लगायत बिभिन्न कार्यक्रम गर्न सफल भएको छ । स्थानिय सरकार, प्रदेश सरकार तथा सघिंय सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय अपाङ महासघं, विभिन्न प्रकारका अपाङता भएका व्यक्तिहरुको सघं सस्थांहरु, प्रादेशिक स्पाइनल इन्जरी सस्थांहरु, मेरुदण्ड पक्षघातको क्षेत्रमा काम गर्ने सस्थांहरु र विभिन्न सरोकारवाला, सघं संस्था, दातृनिकाय हरुसंगको समन्वयमा बृद्धि भएको छ ।

## भावि कार्यक्रम तथा योजनाहरु

मेरुदण्डिय पक्षघात समुह नेपालको आफ्नै भवन निर्माणको लागि आवश्यक कार्य गर्ने ।
मेरुदण्ड पक्षघात सम्बन्धी जनचेतना जगाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

मेरुदण्डिय पक्षघात भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ, खेलकुद, संचार, रोजगार जस्ता विषयहरुमा छलफल गर्ने र कार्यान्वयनमा पहल गर्ने ।

पुनर्स्थापना तथा घाउ सर्जरीको लागि अस्पतालहरुसँग सहकार्य गर्ने ।

मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको मुख्य साझा समस्या तथा आवश्यकता पहिचान गरी सम्वधीत निकायमा वकालत गर्ने ।

भैतिक संरचनालाई पहुँचयुत्त बनाउन सम्वन्धीत निकायमा पहल गर्ने । विद्यालय, कलेज, विश्वविद्यालय

SCI data collection तथा प्रदेशहरुमा स्पाइलन इन्जरी भएका व्यक्तिहरुको समुह बनाउने ।

अपाङ्गमैत्री फुटपाथको विस्तारमा निरन्तर काम गर्ने ।

AccessibleNepal.com सँग मिलेर अपाङ्गमैत्री पर्यटनको लागि आवश्यक काम गर्ने ।

अङग्रेजी भाषा तथा कम्प्युटर तालिमको सञ्चालन गर्ने ।

आदि/इत्यादी ।

अन्त्यमा संस्थाका कार्यसमितिकम सम्पुर्ण पदाधिकारी ज्युहरु, तथा यस वर्ष हाम्रो संस्थाले गरेका प्रत्येक कार्यक्रमहरु सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने संघ संस्था तथा व्यक्तिहरु प्रति आभारी भइ संस्थाको

विकासमा टेवा पुऱ्याउन सहयोग गर्नुहुने दात्री निकायहरु साझेदार संस्थाहरु, कर्मचारि, स्वयं सेवक ज्युहरु तथा सबै सरोकारवाला संस्था र व्यक्तिहरुलाई धन्यवाद दिन चाहान्छु र आगामी दिनहरुमा पनि यस्तै प्रकारको साथ र सहयोग मिल्ने अपेक्षा राख्दछु । माथि उल्लेखित कार्यहरु यस संस्थाका कार्यसमितिको सदस्यहरुको सक्रिय र निरन्तर सहयोग र साथबाट मात्र सफल हुन सकेको हुदाँ सम्पुर्ण सदस्यहरुप्रति आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

**केशव थापा**

**महासचिव**

**मेरुदण्डीय पक्षघात समूह नेपाल**

**गोकर्णेश्वर न. पा. ०८ माकलवारी काठमांडौ**